इलेक्सन बाइट्स

गगन थापा
कांग्रेस सभापति

म प्रधानमन्त्री बन्छु, जादु गर्छु, चटक गर्छु भनेर होइन, गनुपर्ने के छ ? संविधानमा केही बदलाव ल्याउनुपर्ने छ। म संविधान र कानुनमा बदलाव ल्याउनका लागि ५ वर्ष केही काम गरौं भन्छु- एउटा साथी मञ्चमा प्याक्क बोलिदिन्छ- यत्रो वर्ष के गरिस्?'

पुष्पकमल दाहाल
नेकपा संयोजक

बागलुङमा मात्रै हाम्रो पार्टीको जनमोर्चासँग गठबन्धन भएको छ। त्यसबाहेक कतै भएको छैन। कुनै पनि दलसँग हामी चुनावी गठबन्धन गर्दैनौं। गठबन्धनबारे छलफलसमेत भएको छैन। हामी आफ्नै खुट्टामा उभिएर जाँदैछौं।

राजेन्द्र लिङ्देन
राप्रपा अध्यक्ष

अहिले एकथान सांसद चुन्ने र सरकार निर्माण गर्ने चुनाव मात्रै नभई देशलाई जोगाउँदै अघि बढ्नुपर्ने भएकाले नेपाल र नेपाली प्रथम भन्ने कुरालाई केन्द्रमा राखेर आफ्नो अमूल्य मत प्रयोग गर्न मतदातालाई आग्रह गर्दछु।

उबेलाको चुनाव

कांग्रेस-एमालेको पुनरोदय, कमल थापाले फर्काएको शक्ति

काठमाडौं (अन्नपूर्ण) : २०६४ सालमा दुई वर्षका लागि निर्वाचित संविधानसभा ४ वर्षसम्म पनि संविधान जारी गर्न नसकी २०६९ जेठ १४ मा विघटन भयो।

दलहरूबीच प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठन गर्ने सहमति भएसँगै २०७० मंसिर ४ मा दोस्रो संविधानसभा निर्वाचन सम्पन्न भयो। जसमा १३० दल दर्ता भए पनि १२० दल प्रत्यक्षतर्फ प्रतिस्पर्धामा उत्रिएका थिए।

२०७० मंसिर ४ मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनको परिणाममा नेपाली कांग्रेस पहिलो दल बन्यो। उसले प्रत्यक्षतर्फ १०५ सिट जिन्दै भन्डै २७ लाख मत प्राप्त गऱ्यो र समानुपातिकतर्फ पनि २४ लाखभन्दा बढी मतसहित ९१ सिट हासिल गऱ्यो। नेकपा एमाले ९१ प्रत्यक्ष सिटसहित दोस्रो शक्ति बन्यो भने समानुपातिकतर्फ ८४ सिट प्राप्त गऱ्यो।

अघिल्लो निर्वाचनमा पहिलो बनेको एकीकृत नेकपा माओवादी भने २६ प्रत्यक्ष सिटमा सीमित हुँदै तेस्रो स्थानमा भऱ्यो र समानुपातिकतर्फ ५४ सिटमा खुम्चियो। अघिल्लो संविधानसभा निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ २४० निर्वाचन क्षेत्रमध्ये १२० स्थानमा विजयको झन्डा फहराएको थियो।

दोस्रो संविधानसभामा कमल थापा नेतृत्वको राप्रपा नेपाल समानुपातिकतर्फ चौथो दुलो दल बनेको थियो। उसले ६ लाख ३० हजार ६ सय ९७ मत पाएको थियो। तत्कालीन समयमा 'एक भोट दाइलाई, एक भोट गाईलाई' नारा चर्चामा थियो।

संविधानसभाबाट सुशील कोइराला नेतृत्वमा कांग्रेस-एमाले संयुक्त सरकार गठन भयो।

प्रत्यक्षतर्फ कांग्रेस, एमाले र माओवादीबाहेक मधेसकेन्द्रित र अन्य दलहरूले सीमित सिट जिते भने केही स्वतन्त्र उम्मेदवार पनि विजयी भए। माओवादी अध्यक्ष पुष्पकमल दाहाल काठमाडौं-१० मा पराजित भए, तर सिराहा-५ बाट निर्वाचित भए।

२ उम्मेदवार र १ दललाई जरिवाना

काठमाडौं (अन्नपूर्ण): निर्वाचन आयोगले आचारसंहिताविपरीत कार्य गरेको भन्दै दुई उम्मेदवार र एक राजनीतिक दललाई जनही २५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ।

जरिवानामा पर्नेहरूमा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार शक्तिबहादुर बस्नेत, स्वतन्त्र उम्मेदवार डा. निकोलस भुसाल र श्रम शक्ति नामक राजनीतिक दल रहेका छन्। केन्द्रीय निर्वाचन आचारसंहिता तथा अनुगमन समितिका संयोजक एवं निर्वाचन आयुक्त सगुनशमशेर जबराका आयोगले सोधेको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि उनीहरूलाई कारवाही गरिएको हो।

आयोगमा मुलुकभर ३ सय बढी आचारसंहिता उल्लंघनका उजुरी परेका छन्। आयोगले ८२ जनालाई स्पष्टीकरण उम्मेदवारलाई स्पष्टीकरण सोधेको छ।

फागुन २० गतेदेखि मतदान सम्पन्न नहुँदासम्म सवारी साधन चलाउन नपाइने

काठमाडौं (अन्नपूर्ण) : निर्वाचन आयोगले फागुन २० गते राति १२ बजेदेखि मतदान सम्पन्न नहुँदासम्म सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाउने जनाएको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने सम्बन्धमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन एम्बुलेन्स, दमकल, शवबाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने, कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

मतदानको मितिभन्दा सातदिन अघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्रीवितरण तथा सेवन गर्न मुलुकभर प्रतिबन्ध लगाउन गृहमन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको छ। बैठकबाट निर्वाचन सुरक्षाका लागि ७७ वटै जिल्लामा मादकपदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबद्ध लगाउने निर्णय गरिएको हो।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

'विपदबाट क्षति भएका सामुदायिक विद्यालय पुनर्निर्माण कार्यक्रम' का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/११/१५

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'विपदबाट क्षति भएका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार मर्मत सुधार तथा पुनर्निर्माण कार्यक्रम' सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची-१ को ढाँचामा आवेदन र तोकिएका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/११/२९ सम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र कार्यविधिको दफा ५ बमोजिमका शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको वेवसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ।

कार्यालय प्रमुख

Madhesh Province Government
Ministry of Energy, Irrigation and Water Supply
Water supply and Sanitation Division Office
Division no. 4 (Bara/Parsa), Kalaiya

Invitation for Bid

Date of Publication:2082/11/15

1. Water supply and sanitation Division office invites electronic bids from eligible bidders for the procurement of following Works under National Competitive Bidding Procedures.

Contract No.	Description	Estimated Amount (Including VAT & PS)	Last Date of Bid Submission/ Opening	Bid Security (NRs)	Bid Document Fee
10/W/ 2082/083	Electrification, Pump lowering and pipeline works at Chhatapipra WSP, Bara	NRs. 29,08,687.38	2082/12/15 (29th Mar, 2026)	NRs. 65,000	NRs. 3000

2. Eligible Bidders may download detailed notice and the bidding documents for e-submission from PPMO website www.bolpatra.gov.np/egp.

Local Government
Dhurkot Rural Municipality
Office of Rural Municipal Executive
Barbot, Gulmi
Lumbini Province, Nepal

Invitation for Bids(SQ)

Date of publication: 2026-02-27(2082/11/15)

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids(SQ) through e-procurement system bidders for the Procurement Of :

S. N	Contract Identification Number	Works of description	Bid Security amount Nrs	Estimated amount with VAT	Bid Security Validity Period	Bid document fee Nrs
1	ODRM-Gulmi-W-SQ-37-082/83	Construction work of Barbot-Chisapani-Nindula-Ratamata Road(scheme-2) at Dhurkot RM-6 , Gulmi (Rebid)	30,000	1164217.32	90 days	1,000
2	ODRM-Gulmi-G-SQ-40-082/83	Procurement and Supply of Labrotory Chemical for Dhurkot Rural Municipality	29,000		90 days	1,000

2. Date of purchasing, submission and opening of above mentioned bid is :

Last date of submission of bid	Date of opening of bid	Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata)	Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata)
2026-03-13, 12:00 PM	2026-03-13, 13:00 PM	Laxmi Sunrise Bank Ltd, Barbot Gulmi 0910501307703007	Laxmi Sunrise Bank Ltd, Barbot Gulmi 0910501307701002

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infarm the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917 , 9843589271, 9867712399

Chief Administrative Officer

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/१५ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बकौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

शाखा कार्यालय : वृन्दावन

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रचलित नेपाल कानुन बमोजिम दर्ता कायम रहेको **एकबाल हार्डवेयर**।

दर्ता नं. : ६२८६/१६७/३९/०८, दर्ता मिति : २०७८/०४/३१, पान नं. : ६०८२६४०७२, दर्ता मिति : २०७८/०५/०३

ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६, **प्रोप्राइटर : आस महमद अंसारी**

व्यक्तिगत जमानतकर्ताहरू

१. आस महमद अंसारी	**२. रोशन खातुन**
ना.प्र.नं. १२७३, जि.प्र.का. रौतहट	ना.प्र.नं. २१५३, जि.प्र.का. रौतहट
जारी मिति : २०६१/०९/०१	जारी मिति : २०६२/१२/२०
बाबु : मोहमद जान अंसारी, बाजे : मोहमद हनिफ अंसारी	पति : आस महमद अंसारी, ससुरा : मोहमद जान अंसारी
ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा गा.वि.स. वडा नं. ९	ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा गा.वि.स. वडा नं. ९

धितोमा रहेको सम्पतिको विवरण

१. मोहमद हनिफ अंसारीको नाति, मोहमद जान अंसारीको छोरा, रौतहट जिल्ला, सखुवा धमौरा गा.वि.स. वडा नं. ९ बस्ने आस महमद अंसारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम भएको रौतहट जिल्ला, स. धमौरा वडा नं. ९ स्थित कि.नं. ११४५ र ११७ को क्षेत्रफल क्रमशः ०-२-५ (वि.क.धु.) र ०-०-१०$^{१/२}$ (वि.क.धु.) बमोजिमको जग्गा तथा सो जग्गामा निर्मित सम्पूर्ण लिगलगायत समेत।

२. महमद जान अंसारीको पुहारी, आस महमद अंसारीको पत्नि, रौतहट जिल्ला, सखुवा धमौरा गा.वि.स. वडा नं. ९ बस्ने रोशन खातुनको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम भएको रौतहट जिल्ला, सखुवा धमौरा गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ११४६ को क्षेत्रफल ०-१-६$^{१/२}$ (वि.क.धु.) बमोजिमको जग्गा तथा सो जग्गामा निर्मित सम्पूर्ण लिगलगायात समेत।

३. ऋणी एकबाल हार्डवेयरले बैंकलाई लेखिदिएको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्न रकमहरु।

शाखा कार्यालय : हरिवन

ऋणीको नाम, ठेगाना

नवराज राई
बाबु : हिरा बहादुर राई, बाजे : हर्क बहादुर राई
ना.प्र.नं. १९/२०८९/११९२, जि.प्र.का. सर्लाही, जारी मिति : २०७०/०३/२८
ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

व्यक्तिगत जमानतकर्ताहरू

१. सानु राई	**२. कृष्ण बहादुर राई**
ना.प्र.नं. ६६४१६४३३, जि.प्र.का. सर्लाही	ना.प्र.नं. ३६४१८०५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५९/०८/०५	जारी मिति : २०६०/१०/२२
बाबु : हिरा बहादुर राई, बाजे : हर्क बहादुर राई	बाबु : हिरा बहादुर राई, बाजे : हर्क बहादुर राई
ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १	ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १
हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८	हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८
३. लक्ष्मी माया थोम्जन राई	**४. बसन्ता कुमारी हायु**
ना.प्र.नं. १९-०२-७३-०२०२७, जि.प्र.का. सर्लाही	ना.प्र.नं. १९/२०१००/८९८, जि.प्र.का. सर्लाही
जारी मिति : २०७३/०४/०४	जारी मिति : २०६९/१०/१५
बाबु : हमार बहादुर थोम्जन	बाबु : आई बहादुर हायु
ससुरा : हिरा बहादुर राई	पति : कृष्ण बहादुर राई, ससुरा : हिरा बहादुर राई
पति : नवराज राई	ठेगाना : सर्लाही जिल्ला, नारायणखोला गा.वि.स. वडा नं. १
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८	हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

धितोमा रहेको सम्पतिको विवरण

हर्क बहादुर राईको नाति, हिरा बहादुर राईको छोरा, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ बस्ने नवराज राई/सानु राई र कृष्ण बहादुर राईको संयुक्त नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता कायम भएको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. २३०७ को क्षेत्रफल ०-५-१४-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगायातहरु समेत।

माछापुच्छ्रे बैंक सबल, उत्कृष्ट एवं विस्तारित

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : बालकृष्ण बस्नेत